# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं.: ३३१८

मिति: २०८०।१२।१५

विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ... ... .... ... ...शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल चैत्र ०६ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । - *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चापागाई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बैठक संख्या : ४०

आज मिति २०८० साल चैत्र ०६ गते मंगलबार दिनको २:३० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | का.वा. सदस्य (वडा नं. ११) | श्री प्रतापकुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरु:

१. बनेपा नगरपालिकाको स्थापना दिवसको तयारी सम्बन्धमा,

२. योजना सम्बन्धमा,

(क) विभिन्न योजनाहरु संसोधन सम्बन्धमा,

३. नगर शिक्षा समितिको बैठकबाट सिफारिस भएका कार्यक्रम/विषय सम्बन्धमा,

४. बनेपा नगरपालिका वडा नं. ९ मा रहेको नमूना कृषि फारममा रहेको भवन काठमाण्डौ विश्वविद्यालयलाई उपयोग गर्न दिने सम्बन्धमा,

५. जग्गा विकास तथा हाउजिङ्ग सम्बन्धी कार्यविधि कार्यान्वयन सम्बन्धमा,

६. नापी कार्यालय, काभ्रेबाट परिसर सुधारका लागि सहयोग माग सम्बन्धमा,

७. ललितपुर अन्तराष्ट्रिय ट्रेड एक्स्पोका लागि ललितपुर चेम्बरबाट सहयोग माग सम्बन्धमा,

८. स्पोर्टस् एकेडेमी साँगाबाट सहयोग माग सम्बन्धमा,

९. विविध ।

-::निर्णय::-

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १. | गत बैठकको निर्णय समीक्षा सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो । |
| २. | बनेपा नगरपालिकाको स्थापना दिवस तयारी सम्बन्धमा | बनेपा नगरपालिकाको त्रिचालीसौं स्थापना दिवस यही २०८० साल चैत्र १४ गतेका दिन भव्यताका साथ सम्पन्न गर्ने विषयमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>(क) गठित उप समितिहरुबाट भइरहेका तयारीका सम्बन्धमा समीक्षा हुँदा हरेक समितिले सम्पादन गर्नुपर्ने कार्य समयमै सम्पन्न गरी स्थापना दिवस भव्यताका साथ सम्पन्न गर्ने व्यवस्था मिलाउने ।<br>(ख) बनेपा नगरपालिकाको सम्मान तथा पदक (स्थापना तथा वितरण) सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ को देहाय (क) तपसिल (३) मा देहाय बमोजिम संसोधन गर्ने ।<br>" बनेपा दीर्घ सेवा पदकका लागि बनेपा नगरपालिकाको कार्यपालिकाले बनेपा नगरपालिकामा करार, अस्थायी वा स्थायी रुपमा नियुक्त भई सम्बन्धित वर्षको फागुन मसान्तसम्ममा अविच्छिन्न पच्चीस वर्ष सेवा अवधि पुगका नगरपालिकामा कार्यरत कर्मचारी वा समायोजन भई आएका अविच्छिन्न पच्चीस वर्ष स्थायी सेवा अवधि पुगका कर्मचारीहरुको विवरण हरेक वर्ष चैत्र सात गतेभित्र स्वीकृत गर्नेछ ।" |
| ३ | योजना सम्बन्धमा | |
| | क) योजना संसोधन सम्बन्धमा | चालु आ.व. २०८०।०८१ मा स्वीकृत भएका तर विभिन्न कारणले सञ्चालन हुन नसक्ने भएकाले योजना संसोधनका लागि सम्बन्धित वडाबाट सिफारिस भई आएका तपस्लि बमोजिमका योजनाहरु संसोधन गर्ने निर्णय गरियो । |

| क्र.सं. | स्वीकृत योजनाको विवरण | | संसोधित योजनाको विवरण | |
|---|---|---|---|---|
| | योजनाको नाम र ठेगाना | विनियोजित रकम | योजनाको नाम र ठेगाना | विनियोजित रकम |
| १ | बुलेडोल नयाँवस्ती खानेपानी ट्याङ्की निर्माण-बनेपा ४ | २,००,०००। | बुलेडोल नयाँवस्ती खानेपानी ट्याङ्की निर्माण-बनेपा ४ | १,००,०००। |

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | नाला करुणामय मन्दिर अगाडी ट्याङ्की निर्माण–बनेपा ४ | १,५०,०००। | ऐला गणेश नेपाली टोल च्यानेबगर सडक स्तरोन्नती–बनेपा ४ | २,५०,०००। |
| ३ | पराजुली मोड देखि पुरानो पोखरी नयाँ ट्याङ्की निर्माण–बनेपा ३ | ३,००,०००। | गैरीबारी आकाशदेवी सडक मर्मत–बनेपा ३ | ३,००,०००। |
| ४ | गोठ डाँडा लिफ्टिङ खानेपानी योजना–बनेपा १२ | २०,००,०००। | गोठ डाँडा सडक स्तरोन्नती–बनेपा १२ | २०,००,०००। |
| ५ | अमलडोल रातमाटे सडक योजना–बनेपा १ | १०,००,०००। | व्याङ्गढुङ्गा वडा कार्यालय सडक योजना–बनेपा १ | १०,००,०००। |
| ६ | आदर्श टोल कुवा तथा ट्याङ्की निर्माण–बनेपा ९ | ४,००,०००। | आदर्श तेर्सोबाटो ढलान–बनेपा ९ | ४,००,०००। |

| | | |
|---|---|---|
| ४ | शिक्षा सम्बन्धी | बनेपा नगरपालिकाको नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएका तपसिल बमोजिमका विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो। |

**(क) विद्यालय कक्षा थप सम्बन्धमा**

| क्र.सं. | विद्यालयको नाम | स्वीकृत थप कक्षा | कैफियत |
|---|---|---|---|
| १ | श्री भक्तेश्वर मा.वि., बनेपा ६ | कक्षा १० | |
| २ | श्री प्रभात मा.वि., बनेपा ३ | कक्षा १० | |
| ३ | श्री अर्किड इन्टरनेशनल एकेडेम,बनेपा ७ | कक्षा ७ | |
| ४ | श्री नैमिषारण्य संस्कृत गुरुकुलम, बनेपा ६ | कक्षा ११ | |
| ५ | न्यु मोडेल एकेडेमी, बनेपा १० | कक्षा ९ | |

**(ख) विभिन्न कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा**

(१) वृत्तिमार्ग निर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
(२) बनेपा नगरपालिका वडा शिक्षा समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०
(३) बनेपा नगरपालिका नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
(४) २०७७।४।३२ को बैठकबाट भएको तपसिल बमोजिमको निणर्यानुसार कार्यविधि संसोधनका लागि स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो।

संस्थागत विद्यालयको शैक्षिक गुठी दर्ता, शैक्षिक गुठी विद्यान संशोधन वा स्वीकृति सम्वन्धमा नगर शिक्षा समितिको सिफारिश अनुसार बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि,२०७५ को परिच्छेद २ को दफा ५ को ६ (प) मा नगर कार्यपालिकाको कार्यालयले संस्थागत विद्यालयको शैक्षिक गुठी सम्वन्धी विद्यान संशोधन वा स्वीकृति गर्न देहाय बमोजिमको प्रावधान थप गर्ने निर्णय गरियो।

"बनेपा नगरपालिका क्षेत्रभित्र संस्थागत विद्यालयको शैक्षिक गुठी दर्ता गर्न चाहेमा नगरपालिकाले त्यस्तो गुठी सम्बन्धी विधान स्वीकृत गरी दर्ता गर्ने, संसोधन गर्ने र खारेज गर्न सक्ने छ।"

**(ग) शैक्षिक कार्यपात्रो स्वीकृत गर्ने**

बनेपा नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागु गर्ने प्रयोजनका लागि तयार भई पेश भएको "शैक्षिक कार्यपात्रो, २०८१" स्वीकृत गर्ने निर्णय गरियो।

**(घ) संस्थागत विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा**

बनेपा नगरपालिका क्षेत्रभित्र रहेका संस्थागत विद्यालयहरुले आगामी शैक्षिक सत्रबाट अनिवार्य रुपमा देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

(१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकमा नघट्ने गरी पारिश्रमिक निर्धारण गरी उपलब्ध गराउने व्यवस्था मिलाउने,

(२) विद्यालयमा कार्यरत हरेक शिक्षक तथा कर्मचारीले पाउने पारिश्रमिक सम्बन्धित शिक्षक तथा कर्मचारीको बैंक खाता मार्फत भुक्तानी दिने व्यवस्था मिलाउने,

| नि. नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | (३) हरेक संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन सहितको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनामा नगरपालिकामा पेश गर्ने । |
| ५. | Diabetes Research Centre and Hospital का लागि भवन प्रदान सम्बन्धमा | काठमाण्डौ विश्वविद्यालयको मिति २०८०।११।१६ च.नं. २६ को पत्रबाट Kathmandu University Teaching Hospital-Multidisciplinary Diabetes Research Centre and Hospital (KUTH-MDRCH) सञ्चालनका लागि बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ९ स्थित कृषि फर्म परिसर भित्रको कि.नं. ५६४ र कि.नं. ५६५ मा रहेको भवन उपलब्ध गराई दिन भनि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा उक्त उल्लेखित कित्ता जग्गामा रहेको भवन र उक्त भवन परिसरको टहरा समेत हाललाई पाँच वर्षको लागि प्रयोग गर्न दिन सम्झौता गर्ने निर्णय गरियो । |
| ६. | स्पोर्टस् एकेडेमी साँगालाई सहयोग गर्ने सम्बन्धमा | स्पोर्टस् एकेडेमी साँगाले अखिल नेपाल फुटबल संघको आयोजनामा मिति २०८० चैत्र २२ देखि सञ्चालन हुने शहिद स्मारक सी डिभिजन लिग फुटबल प्रतियोगिता २०८० मा सहभागिता जनाउनका लागि आवश्यक प्रबन्ध मिलाउन लाग्ने रकम अभाव भएकाले सहयोग गरिदिन भनि माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा यस अगाडी समेत उल्लेखित प्रतियोगितामा उल्लेखनीय प्रदर्शन प्रस्तुत गर्न सफल उक्त क्लबलाई उपयुक्त शीर्षकबाट रु. ३,००,०००। सहयोग गर्ने निर्णय गरियो । |
| ७. | विविध | |
| (क) | आर्थिक सहयोग सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. २ बस्ने श्री गंगा दमाई हेड इन्जुरी भई उपचार गराइरहनु भएकाले निजको उपचारका लागि सहयोग गरिदिन भनि वडा कार्यालयबाट भई आएको सिफारिसका सम्बन्धमा छलफल हुँदा निजको उपचारका लागि रु. २०,०००। सहयोग गर्ने निर्णय गरियो । |
| (ख) | आगामी कार्यपालिका बैठक सम्बन्धमा | आगामी कार्यपालिका बैठक मिति २०८० साल चैत्र १२ गते सोमबार बिहान ८:०० बजे बस्ने निर्णय गरियो । |